# कक्षा ९ मा विद्यार्थी भर्नाका आधार कार्यान्वयन गर्ने सम्बन्धी सूचना

शैक्षिक सत्र २०७४ देखि  कक्षा ८ मा कार्यान्वयनमा रहेको अक्षराँकन पद्धतिमार्फत विद्यार्थी मूल्याँकन भई कक्षा ८ पूरा गरेका विद्यार्थीहरूका लागि  शैक्षिक सत्र २०७५ मा कक्षा ९ मा भर्ना गर्ने सम्बन्धमा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को मिति २०७४।१०।१७ गतेको बैठकमा तपसिलअनुसारका निर्णयहरू भएकाले सोअनुरूप कार्यान्वयन गर्नु गराउनुहुन सम्बन्धित सरोकारवाला सबैमा अनुरोध छ।

तपसिल

**निर्णय न. १**

कक्षा ९ मा विद्यार्थी भर्नाका लागि देहायबमोजिमका आधारहरू स्वीकृत गरी कार्यान्वयनका निम्ति नेपाल सरकारसमक्ष सिफारिस गर्ने :

- कक्षा ८ का अनिवार्य विषयहरूमा कम्तीमा D plus ग्रेड प्राप्त गरेको हुनुपर्ने
- D plus भन्दा तल्ला ग्रेड प्राप्त गरेका विषयहरूमा ग्रेड वृद्धि गर्न चाहेमा सम्बन्धित स्थानीय तहले आवश्यक व्यवस्था गर्ने छ।
- विदेशी बोर्डबाट कक्षा ८ वा सोसरह योग्यता हासिल गरेका विद्यार्थीहरूका हकमा सम्बन्धित स्थानीय तहले नमुना कार्यविधिबमोजिम समकक्षता निर्धारण गरी कक्षा ९ मा भर्ना गर्ने व्यवस्था मिलाउनुपर्ने छ।